चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरू**

१. शैक्षिक सत्र २०८० को पहिलो महिनामा सम्पादित कामको समीक्षा सम्बन्धमा।
२. विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने सम्बन्धमा।
३. विद्यालयमा जुनियर रेडक्रस सर्कल गठन गरी पठाउने सम्बन्धमा।
४. छात्रवृत्ति रकम माग गर्ने सम्बन्धमा।
५. नपुग पाठ्यपुस्तकको रकम माग गर्ने सम्बन्धमा।
६. पूर्वाधार निर्माणका काम समयमै सम्पन्न गर्ने सम्बन्धमा।
७. IEMIS अद्यावधिक गर्ने सम्बन्धमा।
८. शैक्षिक उपलब्धी सुधार योजना, २०८० कार्यान्वयन सम्बन्धमा।
९. विद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको प्राथमिकता सम्बन्धमा।
१०. विद्यालय दिवाखाजालाई व्यवस्थित गर्ने सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'शैक्षिक सत्र २०८० को पहिलो महिनामा सम्पादित कामको समीक्षा सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरूले शैक्षिक सत्रको पहिलो महिनामा सञ्चालन गरेका कामहरू र चालु शैक्षिक सत्रका लागि अघि सारिएका रचनात्मक योजनाहरू आदान प्रदान गरी चौरजहारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले तयार गरेको शैक्षिक क्यालेन्डरलाई पूर्ण उपयोग गर्दै विद्यालयमा विद्यार्थीहरूबीच सकरात्मक रुपमा प्रतिस्पर्धात्मक भावना जागृत गरी सिकाइमा अभिरूची पैदा गर्ने वातावरण निर्माण गर्ने र शैक्षिक सत्र २०८० लाई सिकाइ उपलब्धि अभिवृद्धि वर्षको रुपमा प्रगति हासिल गर्न सक्रियतापूर्वक क्रियाशील हुने निर्णय गरियो।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ **'विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरूले पञ्चवर्षीय विद्यालय सुधार योजनाको समायावधि सम्पन्न भएको भए नयाँ विद्यालय सुधार योजना र चालु अवस्थामा रहेका विद्यालयहरूले शैक्षिक सत्र २०८० का लागि सरोकारवालाहरूको उल्लेख्य सहभागिमा मौलिक रुप झल्कने गरी व्यापक छलफल, परामर्श र यथार्थ तथ्याङ्कमा आधारित भइ २०८० जेठ मसान्तभित्र अनिवार्य रुपमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'विद्यालयमा जुनियर रेडक्रस गठन गरी पठाउने सम्बन्धमा'** छलफल गर्दा विद्यालयहरूमा सामाजिक सेवा तथा परोपकारका कार्यमा विद्यालयहरूलाई विद्यालय तहदेखि नै जागरुक, क्रियाशील र जिम्मेवारी तथा नेतृत्त्व क्षमताको विकास गर्न सबै विद्यालयहरूमा २०८० जेठ १५ गतेभित्र जुनियर रेडक्रस सर्कल सर्कल गठन गरी सोको जानकारी नेपाल रेड्क्रस सोसाइटी उपशाखा चौरजहारी र जिल्ला शाखा रुकुम (पश्चिम) मा पठाउने निर्णय गरियो।

२०८०।०२।०३
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'छात्रवृत्ति रकम माग गर्ने सम्बन्धमा'** छलफल गर्दा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको आर्थिक वर्ष २०७९/ ८० को कार्यक्रम कार्यान्वयन पुस्तिकाबमोजिम बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाइ निरन्तरताका लागि सामुदायिक विद्यालयहरूले कार्यक्रम कार्यान्वय पुस्तिकाको २.८.४ बमोजिम शैक्षिक सत्र २०८० मा भर्ना भएका विद्यार्थीहरूको यथार्थ सङ्ख्या यकिन गरी २०८० जेठ १५ गतेभित्र अनिवार्य रुपमा छात्रवृत्ति प्राप्त गर्ने छात्रा, दलित छात्रछात्रा र अपाङ्गता लगायत विद्यार्थीहरूको कक्षागत विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने निर्णय गरियो साथै शिक्षा ऐन र सोको नियमावलीबमोजिम संस्थागत विद्यालयहरूले अनिवार्य रुपमा १० प्रतिशत गरिब तथा जेहन्दार विद्यार्थीहरूलाई निश्चित मापदण्डका आधारमा अनिवार्य छात्रवृत्ति प्रदान गरी सोको विवरण सोही मितिभित्र पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'नपुग पाठ्यपुस्तकको रकम माग गर्ने सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूले शैक्षिक सत्र २०८० का लागि पाठ्यपुस्तकको रकमका लागि विद्यार्थी सङ्ख्या पेस गरेबमोजिम हुन आउने रकम कार्यक्रम कार्यान्वयन पुस्तिकाले निर्देश गरेअनुसार ७५ प्रतिशत रकम निकासा दिएकोमा सो रकम शैक्षिक सत्र २०८० मा नयाँ विद्यार्थी भर्नाका आधारमा नपुग भएको भए पाठ्यपुस्तक नपुग भएका विद्यार्थी सङ्ख्याको विवरण २०८० जेठ १५ गतेभित्र माग गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'पूर्वाधार निर्माणका काम समयमै सम्पन्न गर्ने सम्बन्धमा'** छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन निर्माण, ICT ल्याव व्यवस्थापन, शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान लगायतका शीर्षकबाट सम्पादन गर्नुपर्ने लगायतका सबै कार्यक्रमहरू २०८० जेठ मसान्तभित्र सम्पन्न गरी सोको भुक्तानीको लागि आवश्यक कागजातहरू चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'IEMIS अद्यावधिक गर्ने सम्बन्धमा'** छलफल गर्दा शैक्षिक सत्र २०८० को लागि एकीकृत शैक्षिक सुधार व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गर्नुपर्ने विद्यार्थी, शिक्षकको फोटोसहितको आवश्यक सबै विवरणहरू २०८० जेठ मसान्तभित्र विवरण प्रविष्ट गरी अनिवार्य रुपमा चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालयहरूले अलपोड गरिसक्ने निर्णय गरियो। समयमै यथार्थ विवरण प्रविष्ट नगरेमा हुने असरको प्रधानाध्यापक जिम्मेवार हुने निर्णय गरियो।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'शैक्षिक उपलब्धी सुधार योजना, २०८० कार्यान्वयन सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धी सुधार गरी गुणस्तर प्रवर्धन गर्न चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ लगायत सरोकारावाला सबैको बृहत छलफल पश्चात् प्राप्त सुझाव समेत समेटेर मिति २०८० वैशाख १६ गते पारित गरिएको चौरजहारी नगरपालिकाको शैक्षिक उपलब्धी सुधार कार्ययोजना पूर्ण रुपले कार्यान्वयन गर्ने निर्णय गरियो।

२०८०/०२/०२
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १० :** प्रस्ताव नं. १० दिवाखाजालाई व्यवस्थित गर्ने सम्बन्धमा छलफल गर्दा प्रारम्भिक बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत विद्यार्थीहरूलाई पोषणयुक्त दिवाखाजा व्यवस्थापन गर्न तपसिलबमोजिमको मेनु र सामग्री अनुसारको दिवाखाजा खुवाउने निर्णय गरियो।

**तपसिल**

| क्र. स. | मेनु | सामग्री |
|---|---|---|
| १ | पोषिलो जाउलो | चामल, आलु, दाल, साग, तेल, कागती |
| २ | खिर | चामल, दुध, बदाम, गेडागुडी |
| ३ | क्वाटी | भटमास, चना, सिमी, आलु, साग, कागती, तेल |
| ४ | कोदोको पुवा | कोदोको पीठो, चिनी, ओखर, सखरखण्ड, तेल |
| ५ | दही चिउरा र तरकारी वा भुटेको मकै र तरकारी | दही, चिउरा, तेल / मकै, तरकारी, तेल |
| ६ | फलफूल | केरा, स्याउ, सुन्तला, नास्पती |

**यसरी आजको शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

२०८०।०२।०२

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत